# प्रदेश भित्र सञ्चालन हुने (ट्याक्सी बाहेकका) साना यात्रुबाहक सार्वजनिक सवारी साधनको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९

**प्रस्तावना:** प्रदेशभित्र सञ्चालन हुने (ट्याक्सी बाहेक) साना यात्रुबाहक सार्वजनिक सवारीको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले "प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५" को दफा (२८) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो मापदण्डको नाम "प्रदेश भित्र सञ्चालन हुने (ट्याक्सी बाहेकका) साना यात्रुबाहक सार्वजनिक सवारी साधनको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ र सो शब्दले यातायात व्यवस्था सेवा कार्यालय र ऐन बमोजिमका यातायात व्यवस्थापन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयलाई समेत जनाउँछ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(ङ) "यात्री" भन्नाले सार्वजनिक सवारीको प्रयोग गर्ने व्यक्ति सम्झनु पर्दछ।

(च) "बाटो (रुट)" भन्नाले सार्वजनिक सवारी सञ्चालनका लागि स्वीकृत भएको सार्वजनिक सडक वा बाटोलाई सम्झनु पर्छ।

(छ) "साना यात्रुबाहक सार्वजनिक सवारी" भन्नाले १४ सिट क्षमता सम्मका यात्रुबाहक सार्वजनिक सवारीलाई सम्झनु पर्छ।

(ज) "मापदण्ड" भन्नाले यस मापदण्ड बमोजिम तोकिएका गुणस्तर, क्षमतालाई सम्झनु पर्दछ।

३. **दर्ता सम्बन्धी विशेष व्यवस्था:** (१) काठमाडौं उपत्यकामा हाल सञ्चालनमा रहेका (ट्याक्सी बाहेक) का साना प्रकृतिका सवारी विस्थापन गरी विस्थापित सवारीको सिट क्षमता भन्दा कम नहुने गरी ज प्रकृतिका साना यात्रुबाहक सार्वजनिक सवारीको सट्टा दर्ता सुविधा प्रदान गरिनेछ।

मन्त्री

नि. प्रदेश सचिव

(२) अनुसूची १ र २ मा तोकिए बमोजिमको क्षमता, गुणस्तर अनुसारका सवारी मात्र काठमाडौं उपत्यकामा सञ्चालन हुने गरी बाटो इजाजत प्रदान गरिनेछ।

४. **सट्टा दर्ता सम्बन्धी व्यवस्थाः** (१) काठमाडौं उपत्यकामा हाल सञ्चालनमा रहेका (ट्याक्सी बाहेक) साना यात्रुबाहक सार्वजनिक सवारी उत्पादन मितिले २० वर्ष पुगी लगत कट्टा गरी सट्टा सुविधा पाउने छ।

(२) उपदफा १ बमोजिम २० वर्ष अगावै स्वेच्छाले लगत कट्टा गरी सट्टा दर्ता गर्न चाहेमा उत्पादन मितिले १६ वर्ष पुगेको हुनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा भएता पनि दुर्घटना वा अन्य कारणले सञ्चालन हुन योग्य नभएमा तोकिएको समयावधि अगावै सट्टा दर्ता दिन बाधा पर्ने छैन।

(४) विस्थापित हुने सवारी साधनको नियमानुसार लगत कट्टा गरे पश्चात मात्र सट्टा सुविधा प्राप्त हुनेछ।

५. **बाटो इजाजत सम्बन्धी व्यवस्थाः** (१) विस्थापित सवारीले प्राप्त गरेको बाटो इजाजत अनुसार नै सट्टा दर्ता हुने सवारीले सोही बाटो इजाजतनै प्राप्त गर्नेछ।

(२) तर विस्थापित सवारी चक्रपथ परिक्रमाको बाटो इजाजत पाएको भए उक्त सवारीको सट्टाबाट दर्ताहुने सवारीले (ग्यासबाट सञ्चालित सवारीको विस्थापित सङ्ख्यामा नबढ्ने गरी) देहायको बाटो इजाजत पाउने छन्।

(क) लगनखेल-सुनाकोठी

(ख) रत्नपार्क-पुल्चोक-मंगलबजार, ग्वार्को-इमाडोल

(ग) ग्वार्को-कोटेश्वर-सिनामंगल-शोभा भगवती-विष्णुमति हुँदै कालीमाटी-बल्खु.

(घ) लगनखेल-सातोबाटो-कोटेश्वर-बानेश्वर थापाथली जावलाखेल परिक्रमा आदि र भित्री सडकहरु तर चक्रपथ सडकको केही अंश प्रयोग गरी मुख्य गरी भित्री सडकमा सञ्चालन हुने गरी बाटो इजाजत जारी गर्न बाधा पर्ने छैन।

(३) (ट्याक्सी बाहेक) का साना यात्रुबाहक सार्वजनिक सवारीले अनुसूची १ र २ बमोजिमका पेट्रोलियम पदार्थबाट सञ्चालन हुने र विद्युतीय शक्तिबाट सञ्चालन हुने दुवै प्रकारका सवारी सट्टा सुविधा पाउने छन। तर मापदण्ड स्वीकृत भएको २ वर्ष पश्चात पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारीले काठमाडौं उपत्यकामा सञ्चालन हुने गरी बाटो इजाजत पाउने छैन।

मन्त्री

नि. प्रदेश सचिव

६. **साना यात्रुबाहक सार्वजनिक सवारीको भाडाः** (१) विद्युतीय (ट्याक्सी बाहेक) साना यात्रुबाहक सार्वजनिक सवारीको भाडादर मन्त्रालयले तोके बमोजिम हुनेछ।

७. **निरीक्षण र अनुगमनः** (१) यो मापदण्ड कार्यान्वयनका सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन गरी निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

८. **सूचना प्रकाशन गर्नुपर्नेः** (१) यो मापदण्ड स्वीकृत भए पश्चात मन्त्रालयले सार्वजनिक सूचना वेबसाइट तथा सूचनापाटीमा प्रकाशन गर्नु पर्ने छ।

९. <u>बाधा नपर्नेः</u> मापदण्ड स्वीकृत हुनु पूर्व सञ्चालनमा रहेका सवारी सञ्चालनमा वाधा पर्ने छैन.

१०. <u>बाधा अडकाउ फुकाउः</u> यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै दुबिधा उत्पन्न भएमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ।

मन्त्री

नि. प्रदेश सचिव

अनुसूची-१

(दफा (३) को (२) सँग सम्बन्धित)

(विद्युतीय (ट्याक्सी बाहेक) साना यात्रुबाहक सार्वजनिक सवारीको स्पेसिफेकेशन)

## साना यात्रुबाहक सार्वजनिक सवारीको स्पेसिफेकेशन

| क्र.सं. | विवरण | (ट्याक्सी बाहेक) साना यात्रुबाहक सार्वजनिक सवारीको स्पेसिफेकेशन) | कैफियत |
|---|---|---|---|
| १. | Seating Capacity | बुँदा (३) को १ बमोजिमको सिट क्षमता। | |
| २. | Transmission | Automatic | |
| ३. | Torque Power | 250 Nm | |
| ४. | Motor Power | 80 kwh or above | |
| ५. | Battery Capacity | 50 kwh or above Lithium-Ion (Battery Cooler) | |
| ६. | Ground Clearance (mm) | 180 mm or above | |
| ७. | Range | 225 km or above | |
| ८. | Brake System | ABS | |
| ९. | Rear View Camera | Required | |

## अनुसूची-२

(दफा (३) को (२) सँग सम्बन्धित)

पेट्रोलिय पदार्थबाट सञ्चालन हुने (ट्याक्सी बाहेक) साना यात्रुबाहक सार्वजनिक सवारीको स्पेसिफेकेशन

१. पेट्रोलियम पदार्थबाट काठमाडौंमा सञ्चालन हुने (ट्याक्सी बाहेक) साना यात्रुबाहक सार्वजनिक सवारीको इन्जिन क्षमता 2000cc वा सो भन्दा बढीको हुनु पर्नेछ।

मन्त्री